बैठक संख्या - ४

आज मिति २०८१ साल आश्विन महिनाको १८ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | ~~सदस्य~~ सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

१. ओमणि पौडेल, इन्जिनियर

२. लोकेन्द्र थापा, नगर प्रहरी कमाण्डर
(सहित अन्य नगर प्रहरी सवार)

**मिति २०८१/०६/१८ गतेको गाउँकार्यपालिकाको चौथो बैठकका निर्णयहरू**

**निर्णय नं. १**

मिति २०८१।०५।२६ गतेको अघिल्लो गाउँकार्यपालिकाको वैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वियनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**निर्णय नं. २**

यस गढवा गाउँपालिका अन्तर्गतका नदि तथा खोलाहरूको घाटबाट नदिजन्य पदार्थको उत्खनन् तथा विक्रिको लागि आवश्यक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धमा सेवा प्रदायकले पेश गरेका तपशिल अनुसारका प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन र प्राविधिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

तपशिल :

क) प्रारम्भिक वातावरणीय प्रभाव परिक्षण भएका घाटहरू

- राप्ती नदी भारबैरा घाट (खण्ड क र ख)
- राप्ती नदी धरमपुर घाट (खण्ड क र ख)
- राप्ती नदी खड्कपुर घाट (खण्ड क र ख)
- राप्ती नदी रतनपुर घाट
- राप्ती नदी वडहरा झोलुङ्गे पुलदेखि तल पत्रिङ्गा घाट (खण्ड क, ख र ग)

ख) प्राविधिक परिक्षण भएका घाटहरू

- चिसापानी जुरौनी खोला पूर्वदेखि चिसापानी गाउँको ५०० मिटर पश्चिमसम्मको खण्ड
- रङसिङ दोभानदेखि मलमला घाटसम्मको खण्ड
- मलमला घाटदेखि वनघुम्रि घाटसम्म खण्ड
- माथिल्लो वडहरादेखि तल्लो वडहरा सम्मको खण्ड
- पत्रिङ्गा घाटदेखि जेठानगाउँसम्मको खण्ड
- माथिल्लो पचहिया घाटदेखि महदेवा पुलसम्मको खण्ड
- खैरा घाट खण्ड

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

**निर्णय नं. ३**

स्थानीय जनतालाई छिटो, छरितो, मितव्ययी तरिकाले स्वास्थ्य सेवा उपलब्ध गराउन साथै बिरामीको अत्याधिक चाप समेत हुने गरेकोले यस गढवा गाउँपालिका वडा नं. ३ मा स्थित गोबरडिहा आर्युवेद औषधालय, गोबरडिहामा एम्बुलेन्स सेवा संचालनार्थ भारतीय दुतावाससँग एम्बुलेन्स सहयोगको लागि अनुरोध गर्ने र सोको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गढवा गाउँपालिकाबाट गर्ने गरि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ४**

३.१ विद्यायन समितिबाट स्वीकृतका लागि पेश भएको निम्न कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरियो ।

- कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८१

३.२ विषयगत शाषाहरूबाट तयार भएका निम्न कानुनका मस्यौदाहरू दफावर छलफलको लागि विद्यायन समितिमा पठाउने निर्णय गरियो ।

- नागरिक बजेट निर्देशिका, २०८१
- गढवा गाउँपालिकाको स्थानीय सभाका लेखा समितिहरूको लागि कार्यसंचालन मानक, २०८१
- गढवा गाउँपालिकाको आन्तरिक लेखापरिक्षकको आचारसंहिता, २०८१

३.३ निम्न कानूनहरूका मस्यौदा तयार गर्ने निर्णय गरियो ।

- गढवा गाउँपालिकाको स्थानीय मदिर (व्यवस्थापन तथा नियमन) विधयेक, २०८१
- व्यावसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८१
- कृषि उपज संचालन केन्द्र संचलनको कार्यविधि, २०८१
- सेरामिक्स हव निर्माण सम्बन्धी कार्यविधि, २०८१
- गढवा गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१
- कन्टेन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१ ।

**निर्णय नं. ५**

निवास संस्था र ग्रामिण उत्थान केन्द्रको साझेदारी तथा गढवा गाउँपालिकाको सहकार्यमा गढवा गाउँपालिकामा संचालन भईरहेको SWFH परियोजना अन्तर्गत अत्यन्त जिर्ण अवस्थामा रहेका र छनौट भएका घरहरू निर्माणका लागि लागत साझेदारी गर्ने र सोको कार्यक्रमको लागि प्रति घर रू. २,००,०००।०० का दरले समपुरक शिर्षकबाट भुक्तानी दिने गरि स्वीकृत गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**निर्णय नं. ६**

नदीजन्य पदार्थको घाटगद्दि उत्खनन् खर्च वापत विविध खर्च खातामा जम्मा भएको रू. ३४,८४,३०१।०० (अक्षरूपी चौतिस लाख चौरासी हजार तिन सय एक रूपैयाँ ) मात्र विविध खर्च खाताबाट विभाज्य कोष खातामा दहत्तर बहत्तरको शिर्षकमा ट्रान्सफर गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ७**

आ.व. २०८०।०८१ मा भुक्तानी नभएको जेष्ठ र असार महिनाको नगर प्रहरीको रासन भत्ताको रकम यस आ.व.को नगर प्रहरीको रासन भत्ता शिर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ८**

गढवा गाउँपालिका र तपशिलका गैरसरकारी संस्थाहरूको सहकार्य तथा साझेदारीमा पालिकासँग सम्झौता भई तपशिलका कार्यक्रमहरू संचालन भईरहेको हुदाँ सो कार्यक्रमहरू अनुमोदन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

तपशिल :

क) लमही आँखा अस्पताल - उज्यालो अभियान कार्यक्रम

ख) कर्मा हेल्थ - स्वास्थ्य सम्बन्धी कार्यक्रम

ग) सि.पि.नेपाल - विद्यालय भवन निर्माण

**निर्णय नं. ९**

यस गढवा गाउँपालिकामा चालु आ.व. २०८१/०८२ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि वडा नम्बर ८ छनौट गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १०**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११४, मिति २०८१।०६।१४ गतेको पत्र अनुसार यस गढवा गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तह घोषणा गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ११**

यस गढवा गाउँपालिकामा स्थायी ठेगना भएका अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरणका लागि **अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५** को बुँदा नम्बर ६(१) को बमोजिम समन्वय समिति गठन गर्नका लागि गाउँकार्यपालिका सदस्य श्री चन्द्रा के.सी. लाई मनोनित गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

**निर्णय नं. १२**

लुम्बिनी प्रदेश राजधानी निर्माण तथा व्यवस्थापन आयोजना अन्तर्गत पर्ने गढवा गाउँपालिका अन्तर्गत वडा नं. १, २ र ३ का जग्गाहरूको घरनक्सा पास तथा निर्माण इजाजत दिने सम्बन्धमा प्रचलित मापदण्ड बमोजिम घरनक्सा पास तथा निर्माण इजाजत दिने निर्णय गरियो । तर राजधानी व्यवस्थापन प्रक्रियामा नक्सा पास भएका कारण घरजग्गाको हकमा यथोचित मुआब्जा नपाउने अवस्था भएमा दावी नगर्ने गरि घरधनीहरूलाई कबुलियतनामा गराई मात्र उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १३**

२४ सै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउन गढवा स्वास्थ्य चौकीबाट इजरजेन्सी सेवा सुचारू गर्ने र इमरजेन्सी सेवा संचालन गर्दा आई पर्ने समस्या तथा चुनौती प्रभावकारी रूपमा व्यवस्थापन गर्न गढवा गाउँपालिका वडा नं. ६ को कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै ईमरजेन्सी सेवा संचालनको लागि आवश्यक पर्ने औषधी तथा भवन निर्माण सम्वन्धी कार्यको गर्न रू.१० लाख नबढ्ने गरि ईमरजेन्सी सेवा संचालन खर्च शिर्षकबाट व्ययभार पर्ने गरि कार्यान्वियन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १४**

संघीय मामिला तथ सामान्य प्रशासन मन्त्रालयको च.नं. ८८, मिति २०८१।०६।१४ गतेको पत्रमा लेखि पठाएको श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १५**

गढवा गाउँपालिका वडा नं. ६ मनिकापुरमा स्थित गौशालामा कामकाज गर्दै आईरहेका गाई हेरालुको पारिश्रमिक उनिहरूको व्यक्तिगत खातामा मासिक रूपमा उपलब्ध गराउदै आईरहेकोमा गौशालामा रहेका गाईहरूको व्यवस्थापनको लागि समिति गठन भएको हुँदा सो समिति श्री गढ़वा गौशाला तथा स्थानिय प्रजातीका गाई संरक्षण केन्द्रको खातामा मासिक रू. ४५,००० (अक्षरूपी पैतालिस हजार मात्र) का दरले एकमुष्ठ अनुदानको रूपमा उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १६**

गढवा गाउँपालिका वडा नं. ६ स्थित गढवा वजारको फुटपातको व्यवस्थापन, बसपार्क व्यवस्थपन र कृषि उपज संचालन केन्द्रको संचालन तथा व्यवस्थापनको जिम्मेवारी वडा नं. ६ को कार्यालयलाई दिने निर्णय सर्वसम्मत रूपमा गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**निर्णय नं. १७**

आ.व. २०८०।०८१ को गढवा गाउँपालिका वडा नं. २ र ८ को छुट भएको वडा कार्यालयको बैठक भत्ता र खाजा खर्चको रकम भुक्तानी गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १८**

हिन्दुधर्मावलम्बीहरूको महान चाड विजयादशमीको शुभअवसरमा समस्त गढवावासीहरूमा सुख, शान्ती, सुस्वास्थ्य एवम् उत्तरउत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै यस गढवा गाउँपालिकामा परम्परागत रूपमा गरिदै आएको मौला पुजाको लागि ४० के.जि. तौलसम्मको बोका खरिद गर्ने र उक्त पुजा व्यवस्थापनको लागि यस गढवा गाउँपालिकामा कार्यरत नगर प्रहरी र ईलाका प्रहरी कार्यालय, गढवा समेतको सहभागितामा पुजा सम्पन्न गरि प्रसाद ग्रहण गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १९**

हिन्दुहरूको महान चाड बडा दशैं तथा शुभ दिपावली तथा छठ पर्वको अवसरमा गढवा गाउँपालिकाबासीलाई शान्ती सुरक्षा, अमन चयन कायम गर्नका लागि गढवा गाउँपालिकाको भौगोलिक अवस्था, बाटोघाटोको वर्तमान अवस्थालाई मध्यनजर गर्दै शान्ती सुरक्षा कायम गर्न ईलाका प्रहरी कार्यालय गढवालाई सहयोग पुऱ्याउनका लागि ३०० लिटर पेट्रोलियम पदार्थ ( डिजेल, पेट्रोल) उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. २०**

**'घ' वर्गको ईजाजत** प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम 'घ' वर्गको ईजाजत प्रदान गर्नका लागि मिति २०८१ साल आश्विन महिनाको १६ गतेको जाँचबुझ तथा सिफारिस समितिको बैठकको निर्णय अनुसार तपशिल बमोजिमका फर्महरूलाई **'घ' वर्गको निर्माण** व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

तपशिल :

| सि.नं. | फर्मको नाम | प्रोपराइटर | ठेगाना |
|---|---|---|---|
| १. | बि.एम.पि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | बिर बहादुर पुन | गढवा गा.पा. वडा नं. १ |
| २. | सापकोटा निर्माण सेवा | ज्ञानमणी सापकोटा<br>विजय सापकोटा | गढवा गा.पा. वडा नं. ६ |
| ३. | संस्कृति निर्माण सेवा | मिन बहादुर सिंह | गढवा गा.पा. वडा नं. ५ |
| ४. | गमुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | रत्न बहादुर चौधरी | गढवा गा.पा. वडा नं. ७ |
| ५. | सतगौवा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | श्याम चौधरी | गढवा गा.पा. वडा नं. ७ |

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. २१**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिबाट छनौट भई आएका तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरू यस आ.व.मा कार्यान्वियन गर्ने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | जेठानगाउँ डाँडाटोल नाली निर्माण | १ |
| २ | देउरालीदेखि कृष्ण खत्रीको घरसम्म बाटो स्तरउन्नती | १ |
| ३ | मलमलामा अधुरो सडक विस्तार | १ |
| ४ | जुरौनी डाँडाँटोलमा नया ट्र्याक निर्माण | १ |
| ५ | पार्क तथा पर्यटकीयस्थल सरसफाई, वृक्षारोपण, तारबार | २ |
| ६ | गल्लि पानी निकास नाला निर्माण | २ |
| ७ | बगरखेति कार्यक्रम संचालन | २ |
| ८ | सुपैला भैसीकुटि जोड्ने बाटो विस्तार | ३ |
| ९ | धैरेनी सिचाई कुलो सरसफाई योजना | ३ |
| १० | पवित्रा वि.क.को घरदेखि पूर्व अजगढवा कल्भर्टसम्म नयाँ ट्र्याक निकाली बाटो निर्माण | ४ |
| ११ | अजगढवा विष्णुको घरदेखि दक्षिण मन्जु घर्तिको घरसम्म नयाँ ट्र्याक निकाली बाटो निर्माण | ४ |
| १२ | परसु चौधरीको जग्गादेखि मघरी गाउँ प्रदिप चौधरीको जग्गासम्म नाली सरसफाई कुलो सोर्ने | ४ |
| १३ | छुटकी प्रसेनी दवान घरदेखि टेटवा घरसम्म नया ट्र्याक निकाली बाटो निर्माण | ४ |
| १४ | भागौती यादवको घरदेखि खानेपानी टंकी सम्म नया ट्र्याक निकाली बाटो निर्माण | ४ |
| १५ | हडैया झुम्की कुमालको घरदेखि पूर्व पिचबाटोसम्म नया ट्र्याक निकाली बाटो निर्माण | ४ |
| १६ | प्रसेनी कल्भर्टदेखि पूर्व रामपालु चौधरीको मिलसम्म नालासहति बाटो निर्माण | ४ |
| १७ | मग्रौटा झुम्कीको बारीदेखि पूर्व सुपैला खोलासम्म नया ट्र्याक निकाली बाटो निर्माण | ४ |
| १८ | हडैया रामसुरत यादवको जग्गा अगाडीको घोलदेखि पश्चिम चङ्ग्रेको घरसम्म नयाँ ट्र्याक निकाली बाटो निर्माण | ४ |
| १९ | प्रनाहा गाउँको नया ट्र्याक निर्माण | ५ |
| २० | मगहर गाउँमा नया ट्र्याक निर्माण | ५ |
| २१ | प्रनाहा मूल गाउं लगायतका बाटाहरूको नाली सफाई | ५ |
| २२ | बाँकी चोकदेखि दुर्गा मन्दिर साथै फत्ते बहादुरको घरसम्म नाली सफाई | ५ |
| २३ | पुरानो बोधिपुर गाँउको बाटो हुदै तकियापुर पुल बाटोसम्म नाली सफाई | ५ |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| २४ | सि.पि. कार्यालयबाट वडा कार्यालय जाने बाटो नयाँ ट्र्याक निर्माण | ५ |
| २५ | पिपलडांडा जित बहादुर वि.क.को घरदेखि उत्तर खडक वि.क.को घरसम्मको बाटो नाली निर्माण | ६ |
| २६ | हाँसिपुर डिल्लीराज खनालको घरबाट छोटेलाल चौधरीको घरसम्मको नयाँ बाटो ट्र्याक खोल्ने | ६ |
| २७ | बनकट्टी मरूवाथानदेखि उत्तर जुजुवाको घरसम्म नयाँ ट्र्याक निर्माण | ६ |
| २८ | पुनरो गाउँपालिकादेखि प्रनाहा गाउँसम्म खानेपानीको पाईप विस्तारका लागि खाल्डो खन्ने र पर्ने कार्य | ६ |
| २९ | दुर्गा आधारभूत विद्यालय मनिकापुरको पर्खाल निर्माण कार्य साझेदारी | ६ |
| ३० | तल्लो मदपुर बनवारी पानी निकासको लागि कजवे निर्माण | ६ |
| ३१ | सामुहिक चाउखेति कार्यक्रम संचालन(सामाग्री खरिदमा साझेदारी) विविध शिर्षकबाट स्रोत व्यवस्थापन गर्ने | ६ |
| ३२ | मनिकापुर जाने बाटोमा दुवै छेउमा चेपा लगाउने कार्य (ढुवानी साझेदारी) विविध शिर्षकबाट स्रोत व्यवस्थापन गर्ने | ६ |
| ३३ | मोतिपुर वगरखेति विस्तार कार्यक्रम | ७ |
| ३४ | सिंचाई कुलो सफाई | ७ |
| ३५ | खबरी गाउँमा कुलो निर्माण | ८ |

## निर्णय नं. २२

यस गढवा गाउँपालिका दुर्गम क्षेत्रमा रहेका विद्यार्थिहरूलाई छिटो, छरितो रूपमा विद्यालयमा पुऱ्याई गुणस्तरीय शिक्षा प्रदान गर्न स्कुल वस आवश्यकता भएको हुदाँ यस गढवा गाउँपालिका वडा नं. ३ मा स्थित सरस्वती माध्यामिक विद्यालय, विद्यानगरबाट सामुदायिक स्कुल बस संचालनार्थ भारतीय दुतुवाससँग सहयोगको लागि अनुरोध गर्ने र सोको लागि आवश्यक जनशक्तिको व्यवस्थापन स्यवम स्कुलबाट नै गर्ने गरि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

## निर्णय नं. २३

राष्ट्रिय भूमि आयोगको कार्यक्रम अर्न्तगतको जग्गा नापँजाच कार्यक्रम अन्तर्गत अभिलेख व्यवस्थापनको लागि डोरहाजिरीमा कामकाज गर्दै आउनुभएका श्री राजकुमार यादवलाई मिति २०८१।०७।०५ गतेसम्म काममा लगाई ड़ोरहाजिरी बमोजिम पारिश्रमिक भुक्तानी गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

त्रिलोग प्रमाणित गर्दछु।
सचिव

CamScanner